



# उदय कुमार बरबरिया (यादव)

## निवर्तमान मेयर तथा उम्मेदवार

### शहिदनगर नगरपालिका, धनुषा

सम्पर्क : ९८५४०२९७६९
इमेल: ajubarbariya@gmail.com
वेभसाइट : www.udaybarbariya.com

पत्र सँख्या : २०७८/ ७९ मिति : २०७८/११/२४
च.न. :

## शहिदनगर नगरपालिकामा माओवादी केन्द्रको अबको चुनावी एजेण्डा

माओबादी केन्द्रको केन्द्रीय राजनीतिक प्रारुप अनुसार नेपालमा पहिलो पटक स्थानीय निकायको चुनावपछि यहाँहरुको माया र सद्भावले म उदय कुमार बरबरिया (यादव) मेयर पदमा निर्वाचित हुन सफल भएको कुरा यहाँहरुलाई अवगत नै हो। मैले आफ्नो कार्यकाल सुरु गर्दा बिकासको नाम नगरपालिकामा विकासका इकाईमा कुनै पनि ठोस काम नभएको र नगरपालिकाका अवधारणात्मक परिकल्पना पहिलो पटक सुरुवात भएको अवस्था यहाँहरुलाई अवगत नै छ।

तराइको रुकुम र रोल्पाको रुपमा चिनिने हाम्रो नगरपालिकालाई समृध शहिदनगरको दर्जामा ल्याउन मैले हरसम्भब प्रयास गरेको कुरा सर्वविदितै छ। म मेयर पदमा निर्वाचित भैसकेपछि पनि राजनीतिक रुपमा म सँग नगर सभामा बहुमत नभएको र नगरविकासका योजनाहरु सामुहिक रुपमा वा सर्वसम्मतीमा ल्याउनुपर्ने मेरो बाध्यता बाबजुद पनि मैले पाँच बर्षे कार्यकालमा सम्झने योग्य धेरै काम गरेको छु।

चाहे त्यो भौतिक पूर्वाधारको क्षेत्रमा होस कि कृषि, शिक्षा र स्वास्थ किन न होस। तैपनी अझै धेरै कामहरु गर्न बाँकी छ। विकास भनेको समय सँगै विकसित र सन्तुलित हुने कार्य हो। साँचो अर्थमा भन्ने हो भने विकासको शिलान्यास नगरमा मेरै कार्यकालबाट भएको देखिन्छ र त्यसमा म आफूलाई गौरवान्वित महसुस गरिरहेको छु।

अब उपरान्त मैले मेरो योजनाहरुलाई नगरको थप बिकासको लागि यसरी सुचिकृत गरेको छु।

## शिक्षा:

१. शिक्षामा विगतको कार्यकालमा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय प्रगति भएको महसुस गर्न सकिन्छ। प्राविधिक शिक्षालयको स्थापना लगाएत प्रविधिमैत्री शिक्षा विकासमा मेरो प्रयास सफल भएकै आँकलन गर्न सकिन्छ।

२. स्थानीय पाठ्यसामग्री र पाठ्यक्रमलाई विकास गरि स्थानीय स्कुलहरुमा पढ्ने  वातावरणको निर्माण गरेको कुरा सर्वविदितै छ ।

३. अब निजि तथा सरकारी विद्यालयको सहकार्यमा शैक्षिक गतिविधि र गुणस्तरीय शिक्षालाई नगर विकासको  मेरुदण्डको रुपमा जोड दिंदै प्रारम्भिक शिक्षादेखि नै प्रविधिमैत्री वातावरण तैयार गर्न जोड दिनेछु।

४. दलित, गरिब, शहिद परिवारका बच्चालाई प्रोत्साहन स्वरुप विभिन्न छात्रवृत्तिको व्यवस्था गरि शिक्षाको मुलधारमा ल्याइ समग्र विकासलाई गति दिनेछु।

५. स्कुलको पठ्नपाठ्न र गुणस्तरकायम गर्न राजनीतिक तवरबाट विगत ५ वर्षे कार्यकालमा भएको हस्तक्षेपकारी भूमिकालाई सहजीकरण गरि  शिक्षा विकसामा थप टेवा पुरयाउनेछु ।

६. शैक्षिक गुणस्तर मापण गर्न र शैक्षिक क्रियाकलापलाई अझै व्यावसायिक र व्यवस्थित गर्ने प्रत्येक स्कुलहरुमा ईन्टरनेट जडान गर्नेछु।

७. हाल हाम्रो नगरपालिकाका बाँकी माध्यमिक विद्यालयहरुमा प्राविधिक विद्यालयको मोडेलमा लैजाने क्रम जारी छ ।

८. थप सबल शैक्षिक जनशक्तिको नियुक्ति र परिचालनमा जोड दिनेछु।

## स्वास्थ:

नगरपालिकाभित्रका स्वास्थ चौकिहरु आधुनिकीकरण अपरिहार्य छ। अहिले स्वास्थ प्रत्येक जनताको पहुँचमा छ। नगरका जनता स्वास्थ्य सेवा बाट लाभान्वित भएको देख्दा मन खुसी हुन्छ । हाल भएका प्रयासहरुलाइ अझै बढाएर लैजानुपर्ने हामी सामु चुनौती छ र त्यसलाई अझै सुदृढ बनाउदै लैजाने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

१. हाल भएका नगर स्वास्थचौकिहरुलाई थप सवल र विधमान भौतिक पूर्वाधारहरुलाई आधुनिकीकरण गर्दै लैजाने।

२. योग्य र क्षमतावान जनशक्तिको पद्स्थापनमा जोड दिइनेछ।

३. नगरमा एम्बुलेन्सको संख्या बढाउने र प्रत्येक वडासँगको सहकार्यमा वडाको आफ्नै एम्बुलेन्स किन्न सहजता प्रदान गरिनेछ।

४. जेष्ठ नागरिक तथा वृद्धवृद्धाहरुलाई प्रत्येक ३ महिनामा एक पटक घरमै गएर नि:शुल्क स्वास्थ्य जाँचको व्यवस्था गर्नेछु ।

५. जन्डिस, मधुमेह, मलेरिया र उच्चरक्तचाप बारे जनचेतनामुलक कार्यक्रमहरु सँचालन गरिनेछ।

६. प्रजनन स्वास्थसम्बन्धि हाल भैरहेको सचेतनाका कार्यक्रमहरुलाई वडास्तरमै संचालन गर्ने र प्रजनन योग्य महिलाहरु लाभान्वित बनाइनेछ।

७. नगर अस्पतालमा हाल संचालित २४ घन्टे इमर्जेन्सी सेवालाइ जनशक्तिले भ्याए सम्म प्रत्येक वडामा लैजाने।

८. बालपोषणका कार्यक्रमलाई झन प्रभावकारी बनाउदै लैजाने।

९. हाल लामखुट्टे (मछर) को समस्यालाइ प्रभावकारी व्यवस्थापनमा जोड दिनेछु।

१०. गरिब , दलित, किसान र मजदुरका लागि स्वास्थ बिमा अनिवार्य लागू गर्नेछु।

११. धनुषा जिल्लामै नगरपालिकास्तरीय रुपमा स्वास्थ्यमा ईमरजेन्सी सेवा सँचालन गर्न सफल भएको छु । भिडियो एक्सरेहरु, ल्याब सँचालनहरु शिघ्र हुनेछ ।

## कृषि:

हाम्रो देश र खासगरी हाम्रो नगरपालिका कृषि प्रधान नगरपालिका हो। कृषिको आधुनिकीकरण आजको आवश्यकता हो। मेरो पहिलो कार्यकालमा कृषकलाई सहयोग पुग्ने गरि हालका हाट्बजारलाई स्तरोन्नती गरि, बीउ बिजनको वितरणलाई सहज तुल्याउने काम आफैमा चुनौतीपूर्ण थियो। त्यसमा खासगरी हाम्रो मल अभावको राष्ट्रय समस्याले कृषिलाई थप चुनौतीपूर्ण बनाइदिए। तैपनि मेरो व्यक्तिगत प्रयासमा भारतीय प्रहरी र नेपालको बोर्डरमा प्रहरी चौकिको संयोजनमा केहि सहजता प्रदान गर्ने कोसिस गरे। कृषिमा अबका योजानाहरु यसरी प्रस्तुत गरेको छु।

१. पहिलो कार्यकालमा बजेटले भ्याएसम्म नगरकृषकहरुलाई सिँचाइ सुविधाका लागि मोटर, दमकल, घाँस काट्ने मेसिन इत्यादि वडाको समन्वयमा वितरण गरेको छु र यसलाइ थप निरन्तरता दिनेछु।

२. कृषि सहकारीको अवधारणालाई टोलटोलसम्म विकास गरी कृषकलाई बचत गर्न प्रोत्साहन गर्नेछु।

३. कृषकलाई हाल दिइएको सीपमुलक तालीमहरुलाइ तथ गति दिनेछु।

४. कृषकलाई आफ्नो उत्पादन बिक्री वितरणका लागि थप बिक्री वितरण केन्द्रको स्थापनामा जोड दिनेछु।

५. हालका हाट्ब जारहरुलाई थप स्तरउन्नतिका लागि आवश्यक योजनाहरु तर्जुमा गर्नेछु।

६. आधुनिक खेतीका लागि नयाँ नयाँ कार्यक्रम संचालन गर्नेछु।

७. बाँझो खेत मुक्त नगरपालिका बनाउने केन्द्र र प्रदेश सरकारसँग आवश्यक सहकार्य गर्नेछु।

## खेलकुद:

हाम्रो नगरपालिका पहिलेदेखि नै खेल र खेलाडीका लागि उर्वर भुमीका रुपमा परिचीत छ। यहाँ खेलाडीहरुले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आफ्नो पहिचान बनाउन सफल भएको ज्ञातव्य छ, तर विगतका वर्षहरुमा खेलकुदले खासै गति नलिएको देख्दा मेलै नगर खेलाडी साथिहरु सँगको छलफललाई तिब्रता दिदै विभिन्न प्रतियोगिता गराउन अहम भुमिका खेले र केही हद सम्म त्यो सफल पनि भयो। यसै सन्दर्भमा नगर खेलकुद समितिको गठन पनि गरियो। अब पनि धेरै कामहरु गर्न सकिन्छ।

१. प्रत्येक वडामा वडास्तरीय खेलकुद मैदानको व्यवस्थापन गर्ने बजेट निर्धारण गर्नेछु।
२. शारीरिक ब्यायामका लागि प्रत्येक वडामा वडास्तरीय व्यायाम पार्क बनाउने छु।
३. प्रत्येक स्कुलमा खेलकुद बिकासका लागि अतिरिक्त शिक्षक नियुक्ति गर्नेछु ।
४. नगर स्तरमा भैइरहेको भिन्नभिन्न प्रतियोगितालाई निरंतरता दिनेछु।

## पूर्वाधार:

शहिदनगरेको समुचित विकासको लागि ५ बर्षे कार्यकाल आफैमा प्रयाप्त हुदैन र खासगरि शहिदनगर नगरपालिकाको सन्दर्भमा जहाँ पहिलेको संसदीय प्रणालीले पूर्वाधारको क्षेत्रमामा गरिएको शुरुवात शून्य थियो। गाउँ भित्रका स–साना गल्लीहरु मात्र नभएर मुख्य बाटोहरु कालोपत्रे (पीच), ढलान, पिसिसि, आरसिसि ढलानको कुरा के गरौ समान्य ग्राभेल समेत गरिएको थिएन। मेरो सुरुवात त्यहाँबाट भएको थियो। मेलै आफ्नो कार्यकालमा तै पनि विकास बजेटले भ्याएसम्म गाउँ–गाउँमा गल्ली गल्लीमा बाटो निर्माणमा जोड दिए र त्यसको परिणाम स्वरुप आज नगरबासी एक ठाउँबाट अर्को ठाउँ जान सहज महसुस गरिरहनुभएको छ। बाटोहरु चौडा बनाइएका छन। थप बाँकी कामहरु अझै गर्नु छ।

१. प्रत्येक गाउँ र बस्तीमा सजिलै अत्यावश्यक सवारी साधन पुग्ने गरि साँघुरो बाटो फराकिलो बनाउने।
२.साँस्कृतिक र धार्मिक दृस्ठिकोणले महत्वपुर्ण दैविक स्थलहरुलाइ संरक्षण र सम्बर्द्धनमा गरिएका प्रयासहरुलाइ थप व्यवस्थित बनाइनेछ।
३. प्रत्येक वडा कार्यलयबाट नगरपालिका भवन जोड्ने बाटोलाई प्रदेश र केन्द्रिय सरकारको सहयोगमा पक्की बाटो निर्माण गरिनेछ।
४. प्रत्येक वडामा सार्वजनिक शौँचालयको व्यवस्था गरिनेछ।
५. अबको कार्यकालमा बारुण यन्त्र खरिद प्रक्रिया सुरु गरिने छ।
६. सर्पदंश सेन्टरको स्थापनाको लागि बजेट छुट्याइनेछ।
७. नगरपालिकाको आफ्नै भवनको सुनिश्चितता भैसकेको र उक्त कार्यलाई निरन्तरता दिनेछु।
८. नगरपालिकालाई चाहिने अन्य पूर्वाधारका सामाग्री किन्ने प्रक्रियालाई तुरुन्त सुचारु गरिनेछ।

## सुरक्षा:

हाम्रो नगरपालिका केहि हदसम्म बोर्डरको नजिक अवस्थित रहेको हुनाले सुरक्षा चुनैती थपिएको छ। समग्रमा हाम्रो नगरपालिकामा शान्ती सुरक्षाको दृस्ठिकोणले सन्तुलित र संतोषजनक नै छ। उक्त कार्यमा नगरस्थित प्रहरी चौकिहरुको भुमिका प्रशँसनीय छ। शान्ती सुरक्षालाई थप मजबुत बनाउन अब गर्नुपर्ने केही कामहरु यसरी सुचिकृत गरेको छु।

१. प्रत्येक टोलको एक्सिट र इन्ट्री पोइन्टमा सिसिटिभी क्यामेरा जडान गर्ने।
२. नगर प्रहरीको भर्नालाई तुरुन्तै अन्तिम रुप दिई थप आवश्यकता अनुसार थप नगर प्रहरीको दरबन्दी कायम गरिनेछ।
३. न्यायीक समितिलाई थप गतिशील बनाइने।
४. नेपालप्रहरी र अन्य राज्यका प्रशासनिक निकायसंगको सहकार्यमा तालिम, गोष्ठी र अनुसन्धानमुलक कार्यलाई प्रोत्साहन गरिने।
५. ड्रग, उच्छृँगल गतिविधिलाई समाजसँगको सहकार्यमा निरुत्साहित गरिने।

.........................................
उदय कुमार बरबरिया (यादव)
मेयर पदका उम्मेदवार
शहिदनगर नगरपालिका धनुषा
नेकपा माओवादी केन्द्र